# श्री चिउरीघाट सामुदायिक वन उपभोक्ता समूह

गढवा गा.पा.- ५,कक्रहवा,दाङ

अध्यक्ष

## बोलपत्रद्वारा गोलिया काठ/ दाउरा लिलाम बिक्रीको सूचना

पहिलो पटक सुचना प्रकाशन मिति २०८३/०४/२९ गते (शुक्रबार)

यस सामुदायिक वन उपभोक्ता समुहको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय,दाङ(देउखुरी) लमहीको च.नं. १४९६, मिति २०८२/१२/२७ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय,दाङ(देउखुरी) लमहीको च.नं. १२८, मिति २०८३/०४/२६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना,जामुन जातका गोलिया थान २६६ को १३१४.७३ घ.फि. काठ र साल जातको दाउरा ६ चट्टा हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (**एक्काईस**) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो ३:०० वजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

तपसील

| सि.नं. | जात | ग्रेड | थान | परिमाण | दर | न्यूनतम मूल्य | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | साल | ए | ५ | ७३.३७ | १२५० | ९१७१२.५ | प्रति घ.फि. १५०।- |
| २ | | वि | ४५ | ३४६.०७ | ९०० | ३११४६३ | |
| ३ | | सि | १६१ | ५८९.९२ | ६०० | ३५३९५२ | |
| ४ | | डि | २३ | ६५.२४ | ३०० | १९५७२ | |
| साल जम्मा | | | २३४ | १०७४.६ | | ७७६६९९.५ | |
| १ | असना | ए | ७ | १३४.६४ | ४०० | ५३८५६ | |
| २ | | बि | ५ | ३९.८२ | ३०० | ११९४६ | |
| ३ | | सि | १३ | ३९.४९ | १०० | ३९४९ | |
| असना जम्मा | | | २५ | २१३.९५ | | ६९७५१ | |
| १ | जामुन | बि | २ | १०.८६ | ३०० | ३२५८ | |
| २ | | सि | ५ | १५.३२ | १०० | १५३२ | |
| जामुन जम्मा | | | ७ | २६.१८ | | ४७९० | |
| काठ जम्मा | | | २६६ | १३१४.७३ | | ८५१२४०.५ | |
| साल दाउरा (२०*५*५) | | | | ६ चट्टा | १२००० | ७२००० | प्रति चट्टा ९५०० |
| काठ,दाउराको कुल जम्मा | | | | | | ९२३२४०.५ | |

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समयः- २०८३/०५/१८ कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः- २०८३/०५/१९ गते दिउँसो ३:०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकंम यस समूहको कुमारी बैङ्क,लिमिटेड गढवा शाखा कार्यालयमा रहेको हिसाव नं. १४९००९१८३३६००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समाबेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारम दस्तुर न्यूनतम मुल्यमा आधारित रहि रु १०००/- (पछि फिर्ता नहुने गरि) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बाट खरीद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्धीमा गइ हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ,दाउरामा आधारित उद्योगहरुले सूचिकृत तथा सुचिकृत अध्यावधि भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाण-पत्र, कर दर्ता/चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्दी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नं.(पि.पि.एन.) दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०५/१९ गते दिउसो ४:०० बजे समूहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिनेछ ।

८. बोलपत्र खरीद दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

९. लिलाम बिक्रि सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम, मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुटै बुझाइ लिलाम चढेका वन पैदावार तोकिएको अवधी भित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ

१२. छुट्टाछुटै लटका लागि अलग अलग सिलबन्दी खाम प्रयोग गर्नु पर्नेछ ।

१३. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।